

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज २० गते आइतबार ❑ 6 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## मुस्ताङबाट ७ हजार ९ सय भेंडा-च्यांग्रा निकासी

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असोज

हिमाल पारीको जिल्ला मुस्ताङबाट हालसम्म ७ हजार ९ सय वटा भेंडा च्यांग्रा निकासी भएका छन् ।

नेपालीहरुको महान पर्व वडा दशैंको अवसरमा बिक्रि गर्ने उद्देश्यले मुस्ताङमा आइतबारसम्म ७ हजार ९ सय वटा भेंडा च्यांग्रा निकासी भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र मुस्ताङका डा.लालमणि अर्यालले बताउनुभयो । असोज ८ गतेदेखि मुस्ताङबाट भेंडा च्यांग्राको स्वास्थ्य परिक्षण गर्न सुरु भए पनि अझै केही दिनसम्म उक्त कार्य जारी रहने भएको उहाँले जनाउनुभयो ।



उक्त भेंडा च्यांग्राको स्वास्थ्यको हालको अबस्था राम्रै भएको डा.अर्यालले जनाउनु भयो । पानी परेका कारण पोखरा लगायतका स्थानमा पुग्दा केही भेंडा च्यांग्राको नाकबाट सिंगान आउन सक्ने डा.अर्यालले बताउनुभयो ।

मुस्ताङको जोमसोमबाट म्याग्दी हुदै पोखरा, काठमाण्डौं, चितवन लगायतका क्षेत्रमा दशैं पर्व लक्षित हुने गरी यस बर्ष करिब ८ हजार भन्दा बढी भेंडा च्यांग्रा बिक्रिको लागि मुस्ताङबाट बाहिरिने व्यवसायीहरु बताउदै आउनु भएको छ ।

अघिल्लो बर्षको तुलनामा यस बर्ष भेडा च्यांग्राको मुल्यमा निकै सहुलियतमा उपलब्ध भएको छ । गत बर्ष अघिल्लो पटकमा ५० हजार मुल्य भनिने भेडा च्यांग्राको मुल्य यस बर्ष ३० देखि ४० हजारमा बिक्री भएको छ । मुस्ताङ लोमानथाङमा ठुला प्रजातिको प्रति च्यांग्रा ३४ हजारमा बिक्रि गरेको पासाङ गुरुङले बताउनुभयो । यस बर्ष धेरै मात्रमा भेडा च्याङ्ग्रा उत्पादन भएकोले गर्दा गत बर्ष भन्दा यस बर्ष केही कम मूल्यमा आफुहरुले व्यवसायीहरुलाई बिक्रि गरेको उहाँले जनाउनु भयो । यसैबिच, मुस्ताङमा हुर्काइएका भेंडा च्यांग्रा पोखरामा बिक्रि वितरण गर्न सुरु भएको छ ।

## पोखरामा पहिलो पटक व्युटी तथा कस्मेटोलोजीको पढाइ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असोज

पर्यटकीय नगरी पोखरामा पहिलोपटक ब्युटी एण्ड कस्मेटोलोजिको पढाइ हुने भएको छ । सीटीईभीटीले पोखरामा तीन बर्षे डिप्लोमा व्युटी तथा कस्मेटोलोजीको पढाइ सुरु गर्न लागेको हो ।

गण्डकी टेक्निकल ईन्स्टिच्युट पोखराले गुरुङ ब्युटी एकेडेमी तथा सीटीईभीटीसँग सहकार्य गरेर सीपमूलक शिक्षा प्रदान गर्न लागेको हो । यो कार्यक्रम नेपालमा नौलो हुने संस्थाका अध्यक्ष ध्रुव शर्माले बताए । यो विषयमा छालाको हेरचाह, सौर्न्दर्य, मसाज, नङको हेरचाह, मेकअप, मसाज, थेरापीलगायतमा पढाइ हुने अध्यक्ष शर्माले जानकारी दिए । अहिले नेपाली विद्यार्थी ब्युटी एण्ड कस्मेटोलोजी पढ्न इन्डिया, थाइल्यान्ड, अष्ट्रेलिया, दुवइ, अमेरीका, बेलायत जानुपर्ने बाध्यताको अन्त्य हुने उनको भनाई छ । अब नेपालमै १२ कक्षा सरहको ३ बर्षे डिप्लोमा कोर्स अध्ययन गर्नुपर्ने हुन्छ । अध्ययन सकेपछि नेपालममै स्वरोजगार बन्ने अवसर मिल्ने उनले बताए ।

विकसित मुलकमासमेत माग र कमाई उच्च भएको उनले बताए ।

सीटीईभीटीका निर्देशक टैलेन्द्र आचार्यले व्युटी तथा कस्मेटोलोजीमको कोर्ष आवश्यक अनुसार फेरबदल गर्न सकिने बताए । व्युटीसियनका पीएचडी होल्डर राजेश श्रीले कोर्ष तयार गरेको बताउदै उनले अध्यापनबाटै व्युटीसियनको लेभल बढ्ने लभधक ।

गुरुङ व्यूटि एकेडेमीका संस्थापक अध्यक्ष चिनु गुरूङले शिक्षासंगै सौन्दर्य शिक्षा पनि अपरिहार्य रहेको बताईन् । ग्राहकको माग र सोसल मिडिया अनुसार आफूहरू सजक गरेहको बताउँदै उनले सौन्दर्य पेशा पनि चुनौतिपूर्ण रहेको बताईन । कोर्ष सामाजिक संजालमा रमाउने व्युटीसियनलाई गतिलो झापड रहेको उनको तर्क छ ।

सौन्दर्यकर्मी पवित्रा घिमिरेले पढाईमा समावेश गरिने विषयवस्तुबारे कार्यपत्र प्रस्तुत गरेकी थिईन् । गण्डकी प्रदेशमा १४ सय व्युटीसियन व्यावसाय संचालनमा छन् । गण्डकी टेक्निकल ईन्स्टिच्युट प्राविधिक शिक्षालाई जोड दिदै २०६८ मा स्थापना भएको हो ।

६ सेमेष्टर रहेको यस पढाईका लागि ४ लाख ९५ हजार लागत लाग्नेछ । अध्यक्ष शर्माले यसवर्षदेखि नै पढाइ संचालन हुने बताउँदै शनिवार भर्ना हुने विद्यार्थीका लागि २० प्रतिशत छुटको व्यवस्था रहेको बताए । यसको पढाइ गणेशमान बहुप्राविधिक शिक्षालय काठमाडौमा संचालन गरिएको छ भने त्यसपछि पोखरामा मात्र संचालन हुने (नेपालमा दुई ठाउँमा) सीटीईभीटीले जनाएको छ । यो कोर्षको डिजाईन सन् २०१७ मा गरिएको थियो ।

## अब हुने सबै चुनावमा माओवादी केन्द्रले एक्लै प्रतिस्पर्धा गर्ने- अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, १९ असोज

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी उपनिर्वाचन र २०८४ को निर्वाचनमा आफ्नो पार्टीले सबै तहमा एकल उम्मेदवारी दिएर प्रतिष्पर्धा गर्ने उद्घोष गर्नुभएको छ ।

नेकपा माओवादी केन्द्र दोलखा -काठमाडौं सम्पर्क-समन्वय समितिले शनिबार आयोजना गरेको छलफलमा उहाँले विगतमा कांग्रेस र एमालेसँग गठबन्धन गरेर चुनाव लड्दा माओवादीको पहिचान कमजोर भएको बताउनुभयो । उहाँले अब एकल प्रतिस्पर्धामा जाने गरी पार्टीले तयारी थालेको र त्यसको आरम्भ आगामी मङ्सिरमा हुने उपनिर्वाचनबाट गरिने बताउनुभयो । आफ्नो पार्टीले सरकारमा रहँदा सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिका पक्षमा थालेको अभियानप्रति जनतामा नयाँ आशा र आकर्षण पैदा भएको उल्लेख गर्दै उहाँले आगामी निर्वाचनमा एक्लै विजयी हुनेगरी अभियान थाल्ने बताउनुभयो । जनताले माओवादीप्रति देखाएको आशा र आकर्षणलाई सङ्गठन निर्माण र जनलपरिचालनसँग जोडेर आगामी निर्वाचन एक्लै जित्ने वातावरण बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको अध्यक्ष दाहालको निजी सचिवालयले जनाएको छ । हालैको अविरल वर्षाका कारण उत्पन्न सङ्कट समाधानका लागि आफ्नो पार्टीले महत्वपूर्ण पहलकदमी लिएको जानकारी दिँदै उहाँले जनताको सेवा गर्न सरकारमा रहने वा नरहने कुराले अर्थ नराख्ने उल्लेख गर्दै उहाँले प्राकृतिक विपत्तिको घडीमा आफ्नो पार्टीले अग्रपङ्क्तिमा रहेर काम गरिरहेको बताउनुभयो । समस्यामा परेका जनताको सेवा गर्ने कार्यक्रम बनाउन नेता कार्यकर्ताहरुलाई आग्रह गर्दै अध्यक्ष दाहालले अहिले धेरै बुद्धिजीवी र अन्य दलका नेता कार्यकर्ताहरुले पनि जनताको अधिकार अझ सुदृढ गर्न माओवादी नेतृत्व अगाडि आउनुपर्छ भन्ने आग्रह गरिरहेका बताउनुभयो । उहाँले मुलुक र जनताको नेतृत्व गर्नु भनेको प्रधानमन्त्री हुनु मात्र होइन, जनताका साथमा रहेर उनीहरूको हितका निम्ति आन्दोलनको नेतृत्व गर्नु पनि हो भन्नुभयो ।

जनताप्रतिको निष्ठाका कारण पार्टी नेतृत्वमा आत्मविश्वास पैदा हुँदै गएका, भूकम्पका बेलामा होस् वा संविधान निर्माण र कार्यान्वयन, सत्तापक्ष र विपक्षको आँखाले नहेरी राष्ट्र र जनतालाई केन्द्रमा राखेर माओवादी केन्द्रले काम गरिरहेको जनताले बुझेका बताउनुभयो ।

अन्तरराष्ट्रिय जगत्मा पनि आफ्नो पार्टीको गरिमा बढेको भन्दै उहाँले मुलुकको कूटनीति कुशलतापूर्वक सञ्चालन गरेको तथा त्यस क्रममा राष्ट्रसङ्घीय खाद्य सम्मेलन, संयुक्त राष्ट्रसङ्घको ७८ औं महासभा र जलवायु सम्मेलनमा सहभागी भएर पार्टी र देशको गौरव बढाएको बताउनुभयो । भारत र चीनसँगको सन्तुलित कूटनीतिका कारण माओवादी केन्द्र र यसको नेतृत्व विश्वसमुदायमाझ स्थापित भएको दाबी उहाँले गर्नुभयो । माओवादी केन्द्रका उपाध्यक्ष अग्नि सापकोटाले पार्टीको सिङ्गो केन्द्रीय समिति अध्यक्ष दाहालको नेतृत्वमा एकताबद्ध रहेको उल्लेख गर्दै आगामी केन्द्रीय समितिको बैठकले सङ्गठन निर्माण र जनपरिचालनका कार्यक्रम अघि सार्ने बताउनुभयो । उहाँले सबै दलका नेताहरुको विवेक र चेतनाको परीक्षण भएको उल्लेख गर्दै आफ्नो पार्टी परिवर्तनकारी भएकाले माओवादी केन्द्रका हरेक सदस्य मुलुक र जनताको हितमा गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

## बाढीपहिरामा परी हालसम्म दुई सय ३९ जनाको मृत्यु

**रासस**
काठमाडौं, १९ असोज

अघिल्लो साता आएको बाढीपहिरामा परी हालसम्म दुई सय ३९ जनाको मृत्यु भएको छ भने १८ जना बेपत्ता छन् ।

अन्य एक सय ७८ जना घाइते भएको गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारी जानकारी दिनुभयो ।

हालसम्म बाढीपहिरो प्रभावित क्षेत्रबाट १७ हजार एक सय २० जनाको उद्धार गरिएको छ भने सहायता परिचालन र अवरुद्ध राजमार्गको मर्मत गरी यातायात सञ्चालन गर्न अथक प्रयास भइरहेको प्रवक्ता तिवारीले बताउनुभयो ।




# माछापुच्छ्रे क्रिकेट लिगमा पोखरा फिनिक्स र इस्लामिक कङ्कर्सको जित

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असोज

माछापुच्छ्रे क्रिकेट क्लबको आयोजनामा लेखनाथमा जारी माछापुछ्रे क्रिकेट लिग अन्तर्गत शनिबारको खेलमा पोखरा फिनिक्स र विजयी भएका छन् ।

पोखरा फिनिक्सले आर.के. भिक्टोरियनलाई ६ विकेटले तथा इस्लामिक कङ्कर्सले कुस्मा वारियर्सलाई २ विकेटले पराजित गरेको हो । शनिबारको पहिलो खेलमा टस हारेर ब्याटिङ गरेको आर.के. भिक्टोरियनले ८ विकेटको क्षतिमा ९४ रनको योगफल तयार पारेको थियो । उसका लागि निजामुदिन शेखले १९ बलमा अविजित २५ रन हाने । सफल श्रेष्ठले २८ बलमा २४ रन जोडे । पोखरा फिनिक्सका बलर सिब्रिन श्रेष्ठ र सुदर्शन कुँवर दुवै जनाले २/२



विकेट लिए । जितका लागि ९५ रन पछ्याएको इस्लामिकले ८.४ ओभरमा ४ विकेट गुमाउँदै विजय प्राप्त गर्यो । इस्लामिकको तर्फबाट प्लेयर अफ द म्याच मनोज कोइरालाले बिस्फोटक ब्याटिङ गर्दै १७ बलमा ४६ रन हाने । उनले २ छक्का र ४ चौका प्रहार गरेका थिए । त्यस्तै विनोद नेपालीले १२ बलमा अविजित १७ रन, सिब्रिन श्रेष्ठले १२ बलमा १६ रन तथा अमृत लामिछानेले ५ बलमा १४ रन जोडे । भिक्टोरियनका बलर एलिक श्रेष्ठले २ विकेट लिए ।

दोस्रो खेलमा टस जितेर ब्याटिङ रोजेको कुस्मा वारियर्सले १६ ओभरमा सम्पूर्ण विकेट गुमाउँदै ८० रन जोडेको थियो । कुस्माका लागि धिरज अधिकारीले १६ रन जोडे भने अन्य ब्याट्सम्यानले दोहोरो आँकडाको योगफल तयार पार्न सकेनन् । उसले ३६ अतिरिक्त रन पाएको थियो । इस्लामिकका बलर रोशन कंडेल र पुस्कर पौडेलले ३/३ विकेट लिए ।

जितका लागि ८१ रनको लक्ष्य पाएको इस्लामिकले १६.२ ओभरमा ८ विकेट गुमाएर जित हासिल गर्यो । इस्लामिकका लागि प्लेयर अफ म्याच रोशन कँडेलले अविजित २९ तथा विजय विकले अविजित १९ रनको योगदान दिए । कुस्मा वारियरका समिर भुजेल र विकास क्षेत्रीले ३/३ विकेट लिए । खेलाडीहरुले देशमा हालै आएको बाढी पहिरोबाट ज्यान गुमाएकाहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै १ मिनेट मौन धारणा गरेका थिए ।



बाँफापाटन मिलन मार्ग टोलमा शुभकामनाः पोखरा महानगरपालिका वडा नं १३ स्थित बाँफापाटन मिलन मार्ग टोल विकास संस्थाको आयोजनामा २०८१ सालको विजयादशमी, दीपावली, नेपाल संवद र छठको उपलक्ष्यमा शनिवार शुभकामना कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा वडा १३ का वडा सदस्य सुचित तामाङले उपस्थित सवैलाई हृदयदेखि सबै चाडपर्वको शुभकामना दिनुभयो । बाँफापाटन मिलन मार्ग टोल बिकास संस्थाका अध्यक्ष रामलाल सुनारको अध्यक्षतामा भएको कार्यक्रममा सस्थाका सल्लाहकार गोविन्दलाल श्रेष्ठ, माधवप्रसाद आचार्य, बाँफापाटन मिलन मार्ग महिला समुहकी अध्यक्ष भगवती सिग्देल, संस्थाका साधारण सदस्य हरिप्रसाद सिग्देल, कुमार केसी, लक्ष्मी तिमिल्सिना लगायतले बोलेको कार्यक्रममा उपाध्यक्ष शान्तिदेवी केसीले स्वागत र संस्थाका निवर्तमान सचिव तथा वर्तमान सल्लाहकार रमेश राज पौडेलले संचालन गर्नुभएको थियो ।

# विन्ध्यवासिनी क्याम्पस र विद्यार्थी मञ्चको शुभकामना आदानप्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असोज

विन्ध्यवासिनी क्याम्पस पोखरा १६ बाटुलेचौरको आयोजनामा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम शनिबार सम्पन्न भएको छ ।

नेपाली राष्ट्रिय पर्वको अवसरमा आयोजित कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेश सरकारका सामाजिक विकास मन्त्री विन्दुकुमार थापाले क्याम्पसले भोगिरहेको जग्गा समस्यालाई समाधान गर्न मन्त्रालयले पहल गर्ने बताउनुभएको छ । उहाँले जग्गाकै कारण क्याम्पसलाई आउने सहयोग रोकिन नहुने बताउँदै, स्थानीय सरकारले पनि यस विषयमा गम्भिरता पुर्वक ध्यान दिनुपर्नेमा जोड दिनुभयो। पुर्व प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासीले विन्ध्यवासिनी क्याम्पस यस क्षेत्रको शैक्षिक केन्द्र भएकोले, यसमा देखिएको समस्या समाधान गर्न सवै पक्ष लाग्नुपर्ने बताउनुभयो ।

क्याम्पस संचालक समितिका अध्यक्ष दानबहादुर वाँनियाको अध्यक्षतामा भएको कार्यक्रममा क्याम्पसका सिनेटर



पुर्व वडाध्यक्ष जीवन आचार्य , संस्थापक क्याम्पस प्रमुख नरहरि भट्टराई, विन्ध्यवासिनी माविका निमित्त प्रधानाध्यापक भेषराज पौडेल, प्रशासनिक डिन विजय शर्मा, क्याम्पस प्रमुख सुमन केशव पराजुली लगायतकाले जग्गा अभावका कारण, क्याम्पसले समस्या भोगिरहेको र विश्वविद्यालयवाट प्राप्त सहयोग पनि गुम्ने अवस्थामा पुगेको बताउँदै, प्रदेश र स्थानीय सरकारको ध्यानाकर्षण गराएका छन्। एक आपसमा शुभकामना आदान प्रदान गरिएको कार्यक्रमको सञ्चालन क्याम्पसका लेखा प्रमुख भीमवहादुर गायकले गर्नुभएको थियो । यसैबिच भुतपुर्व विन्ध्यवासिनी विद्यार्थी मञ्चले पनि शनिबारै शुभकामना आदान प्रदान गरेको छ। मञ्चका अध्यक्ष हरिवहादुर वरूवालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथी विन्ध्यवासिनी माविका पुर्व प्रधानाध्यापक शालिग्राम अधिकारीले नेपालीजनका चाडपर्वले एक आपसमा एकता, सहकार्य र भातृत्वलाई प्राथामिकता दिएको बताउँदै, पर्वको मौलिकतालाई जोगाई राख्न सुझाव दिनुभयो ।

कार्यक्रममा पुर्व प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासी, हिमालय क्लवका अध्यक्ष मोहन थापा, विन्ध्यवासिनी माविका निमित्त प्रधानाध्यापक भेषराज पौडेल, मञ्चका सचिव भीमबहादुर गायक लगायतले बोलेका थिए। आजिवन सदस्यलाई प्रमाणपत्र वितरण गरिएको कार्यक्रममा गण्डकी डान्स आईडल विजेता करिना गहतराजले मौलिक नेपाली नृत्य प्रस्तुत गरेकी थिइन् ।

# छ महिनामा चार अजिङ्गरको उद्धार

**रासस**
पोखरा, १९ असोज

डिभिजन वन कार्यालय तनहुँले चार अजिङ्गरको उद्धार गरी सुरक्षित स्थानमा छाडेको छ । गत वैशाखदेखि यहीअसोज महिनासम्म जिल्लाका विभिन्न स्थानबाट उद्धार गरेको हो । गत बिहीबार मात्रै व्यास नगरपालिका-१२ स्थित कमलबारीमा भेटिएको अजिङ्गरको उद्धार गरिएकोसो कार्यालयले जनाएको छ ।

दश फिट चार इन्च लामो र १५ किलो दुई सय ग्रामको तौल भएको अजिङ्गको उद्धार गरिएको उद्धारकर्ता अर्जुन श्रेष्ठले जानकारी दिनुभयो । उद्धार गरिएका अजिङ्गरको बस्तीदेखि टाढा,घनाजंगल र सुरक्षित स्थानमा लगेर छाड्ने गरिएको छ । केही अघि मात्रैव्यास-२ अमरापुरी,व्यास-१३ बेलबास लगायतका स्थानमा अजिङ्गर भेटिएको थियो । विस्तारको काम भइरहेको पृथ्वी राजमार्गको मुग्लिन-पोखरा खण्डअन्तर्गत सडकको नालीमा फेला परेको अजिङ्गर स्थानीयले जानकारी दिएपछि डिभिजन वन कार्यालयले उद्धार गरेको हो । सवारी चालक अर्जुनकुमार श्रेष्ठ, सशस्त्र वन रक्षक जमदार सूर्य सुवेदी, सशस्त्र वन रक्षकहरु कृष्ण कैनी, रामकाजी अधिकारी, गुननारायण श्रेष्ठ र चौकीदार उत्तम मल्लको टोलीले अजिङ्गरको उद्धार गरेको डिभिजन वन कार्यालयले जनाएको छ ।

# बाल गोपाल भजन कृतन सेवा समितिमा ३० युनिट संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असोज

पोखरा महानगरपालिका वडा नं १३ स्थित बाल गोपाल भजन कृतन सेवा समितिको आयोजनामा शनिवार भएको खुल्ला रक्तदान कार्यक्रममा ३० युनिट रगत संकलन भएको छ ।

वडा नं १३ का वडा अध्यक्ष किरण वरालले पहिलो रक्तदाता तथा भद्रकाली माविका सक्रिय कर्मचारी टेक वहादुर गुरुङलाई ब्लड ब्याग प्रदान गरेर कार्यक्रम सुरु गरिएको थियो । नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाको उपसभापति उर्मिला खड्का भट्टराईले रगत दिएको तीन महिनापछि फेरी दिन मिल्ने भन्दै स्वस्थ्यको लागि पनि राम्रो हुने भनिन् । बाल गोपाल भजन कृतन सेवा समितिका अध्यक्ष माधव



नारायण श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ सल्लाहकार रामगोपाल ढेवाजूले स्वागत र सचिव तथा कार्यक्रम संयोजक कल्याण कुमार ढेवाजूले संचालन गरेका थिए ।

कार्यक्रममा विजयादशमी, दिपावली, नेपाल संवद र छठ पर्वको शुभकामना आदनप्रदान गरिएको थियो ।

# सृजना विकास केन्द्रको साधारणसभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असोज

पोखराको अग्रणी सामाजिक संस्था सृजना विकास केन्द्रको ४७ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

साधारण सभाले उपलब्ध श्रोत र साधनको समुचित प्रयोग गरि दिगो विकास र सामाजिक समस्या समाधानमा पहल गर्ने भएको छ। पोखराको विकासका बारेमा नीतिगत बहस र आधार भूत जनताका अधिकारका लागि सहकार्य गर्दै जाने नीति लिएको छाअध्यक्ष विष्णुप्रसाद बराल,को अध्यक्षतामा भएको साधारणसभामा महासचिव चन्द्र गिरी र कोषाध्यक्ष अशोक कुमार श्रेष्ठले पेश गरेको सांगठनिक र आर्थिक प्रतिवेदन सुझाव सहित पारित भएको छ ।

कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले साधारणसभाको उद्घाटन गर्दै यस्ता सामाजिक संस्था सरकारको सहयात्री रहेको बिचार राखे । उनले लागू पदार्थ दुर्व्यसनी नियन्त्रण गर्न, विपदको बेला राहत र पुनःस्थापनमा सामाजिक संस्थाको सहकार्य आवश्यकता औल्याए ।

साधारणसभामा नेपाल रेडक्रस सोसाइटी कास्की शाखा अध्यक्ष डण्ड राज शर्मा, जनप्रिय क्याम्पस व्यवस्थापन समिति अध्यक्ष बीरेन्द्र नारायण बिजुक्छे, सृजना विकास केन्द्रका संस्थापक अध्यक्ष डम्बर केसी, वडा नं ८ का वडा सदस्य पवित्रा केसी, इन्सेकका शिव खकुरेल, जनप्रिय मावि व्यवस्थापन समिति अध्यक्ष परशुराम बराललगायतले संस्थाले खेलेको भुमिका बारे चर्चा गरेका थिए । कार्यक्रम संचालन सचिव बालकृष्ण बरालले गरेका थिए ।

## रोगवाट बच्ने उपायहरू

◆खाना खानु र खुवाउनु अघि,
◆खाना पकाउनु अघि र पछि,
◆बाह्य जुनसुकै वस्तु छोएपछि,
◆चर्पी प्रयोग गरेपछि,
◆बच्चाको दिशा पिसाब सफा गरेपछि,
◆फोहोर कुरा छोएपछि,
साबुन पानीले मिचिमिचि हात धोऔं,
रोगबाट बचौं र बचाऔं ।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
- बिदुरनीति

## सम्पादकीय

# खानेपानीमा ध्यानदेऊ

हालैको बाढी, पहिरो र डुवानमा परेका बस्तीमा खानेपानीको समस्या  परेको छ । खानेपानीको समस्या एकातिर छ भने प्रदुषित पानीले असर पार्ने खतरा उत्तिकै छ । बाढी पहिरो र डुवानका कारण ललितपुरमा खानेपानीको अभाव देखिएको छ । बिपद पछि पानीका कारण रोग फैलिन सक्ने भएको हुँदा सरकारले गम्भीरतापूर्वक लिनुपर्छ । विपदको पुर्व तयारीमा चुकेको सरकार विपदछि आउन सक्ने समस्या र रोग फैलिन नपाओस भनेर सावधानी पनि अपनाउनुपर्छ । यस्तो बेलामा तीनै तहका सरकारबीच समन्वय र सहकार्य खाँचो उत्तिकै छ ।

संघीय सरकारका खानेपानी मन्त्रीको पहलले तत्कालका लागि खानेपानीको समस्या हट्ने दक्षिणकाली नगरपालिकाले आफ्नो क्षेत्राधिकारमा रहेका मुहानबाट ललितपुर जिल्लाका अन्य स्थानीय तहमा खानेपानी पठाएको छ । खानेपानीमन्त्री प्रदीप यादव शनिबार दक्षिणकाली नगरपालिका पुगेर त्यहाँका मुहानबाट पानी जिल्लाको अन्य क्षेत्रमा पठाउनका लाग्लिफल गरेपछि दक्षिणकाली नगरपालिकाले ललितपुरका अन्य क्षेत्रमा पानी पठाउन थालेको खानेपानी मन्त्रालयले जानकारी दिएको छ । दक्षिणकाली नगरपालिकाभित्रका मुहानबाट भैँसेपाटीको ट्र्यांकीमा पनि पानी झर्न थालेको मन्त्री यादवले जानकारी दिए ।

दक्षिणकाली नगरपालिकाका स्थानीयका कतिपय माग पूरा गर्ने प्रतिबद्धता मन्त्री यादवले गरेपछि कुटुरी मुहानबाट पानी पथान्तरण गरी केयुकेएल भैँसीपाटीको खानेपानी टयांकीमा पानी अइपुगेको बताइएको छ । खानेपानी मन्त्रालयका सचिव प्रमिलादेवी शाक्य बज्राचार्यले भनिन्, 'तत्काललाई दसैंसम्मलाई दक्षिणकाली नगरपालिकाले त्यहाँबाट पानी छोडिदिने, पूर्णिमाको पर्सिपल्ट पुनः बैठक बसेर सम्पूर्ण क्षतिको लागत अनुमान तयारी गरी ललिपुर महानगरपालिका, दक्षिणकाली नगरपालिका र केयुकेल बसेर के-के काम गर्न सकिन्छ सो विषयमा सम्झौता पत्र तयार गरी हस्ताक्षर गर्ने सहमती भएको छ ।'

केयुकेएल, भैँसीपाटीको खानेपानी टयांकीमा पानी आइपुगेकाले अब चाडै उपभोक्तालाई वितरण गरिने बताइएको छ । मन्त्री यादवले हालैको बाढीपहिरोले थुप्रै खानेपानी योजनाहरूमा क्षति पुऱ्याएको र ललितपुर क्षेत्रमा दक्षिणकालीबाट पानी जाने व्यवस्था अवरुद्ध भएको बताउँदै ललितपुरबासीलाई सहयोग गर्न दक्षिणकालीवासीलाई आग्रह गरेका थिए । हरेक ठाउँमा आइपर्ने समस्याको समाधानका लागि पहललिनु सहकारीको मर्म र भावना  आत्मसात् गर्नु हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शुभ यात्रा |
| वृष | : मानसिक तनाब | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गगनकालिका सहकारीको साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असोज

पोखरा महानगरपालिका वडा नं ३२ तल्लो गगनगौंडास्थित स्थित गगनकालिका बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १५ औं वार्षिक साधारणसभा एक कार्यक्रमका बीच आज सम्पन्न गरेको छ ।

पोखरा-३२ भमरा पार्टी प्यालेसमा सम्पन्न साधारणसभाको पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले उद्घाटन गर्नुभयो । कार्यक्रममा वडा अध्यक्ष कार्कीले सहकारीहरूमा पारदर्शिता, आर्थिक अनुशासन आवश्यक हुनेमा जोड दिनुभयो । सहकारीका अध्यक्ष किसान परियारले सहकारीमा आर्थिक अनुशासन कायम गर्दै आम सर्वसाधारणको बचतलाई सुरक्षित गराउनेतर्फ संस्था निरन्तर लागिरहेको जानकारी गराउनुभयो । पोखरा महानगरपालिका सहकारी समितिका अध्यक्ष रविरमण तिवारीले सहकारीका सिद्धान्त र आदर्शलाई आत्मसात गर्दै अघि बढ्नुपर्नेमा जोड दिनुभयो । सहकारी अध्यक्ष किसान परियारको सभापतित्व एवम् सचिव शरणकुमार प्रधानले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत उपाध्यक्ष कमलबहादुर पुनले गर्नुभएको थियो । कार्यक्रममा सहकारीका पूर्व अध्यक्ष मेघराज पौडेल, रुपा सहकारीका अध्यक्ष गणेशबहादुर खत्री, शेयर सदस्यद्वय फुलमाया राना र मोहनराज बराल, राष्ट्रिय सहकारी बैंक तालचोक शाखाका ऋण अधिकृत रोशन खतिवडा लगायतले बोल्नुभएको थियो । कार्यक्रममा सहकारीका सिद्धान्त वाचन सञ्चालक समिति सदस्य मनमाया पुनले गर्नुभएको थियो भने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन सचिव शरणकुमार प्रधान, आर्थिक प्रतिवेदन कोषाध्यक्ष गीता थापाले प्रस्तुत गर्नुभएको थियो । त्यस्तै लेखा सुरपरिवेक्षण प्रतिवेदन संयोजक मणिनाथ न्यौपानेले प्रस्तुत गर्नुभएको थियो । साधारणसभाले नियमित बचतलाई आजीवन शेयर रहेसम्म बचत गर्ने प्रस्तावलाई सर्वसम्मत पारित गरेको छ । सहकारीले सदस्यहरूको सहजताका लागि तत्काल मोवाइल बैंकिङ सेवा बिस्तार गर्ने जनाएको छ । कार्यक्रमका अवसरमा कास्की बचत तथा ऋण सहकारी संघ लिमिटेडको लेखा सुपरिवेक्षण समितिको सदस्य पदमा संस्थाका अध्यक्ष किसान परियार निर्वाचित बन्नुभएकोमा बधाइ तथा शुभकामना व्यक्त गरिएको थियो ।

उक्त अवसरमा असल कारोबारीका रुपमा रामप्रसाद तिवारी, ऋणतर्फ पविसरा पुन, कक्षा १२ उत्तिर्ण उत्कृष्ट छात्र, छात्रा क्रमशः करुण पौडेल र स्नेहा परियार, कर्मचारीतर्फ उत्कृष्ट व्यवस्थापक सुजाता सुवेदी, ज्येष्ठ नागरिकतर्फ चन्द्रबहादुर सुवेदी क्षेत्रीलाई सम्मान गरिएको थियो ।

# नेपालले कार्बन बिक्रीबाट प्राप्त गर्दैछ  एक अर्ब ६० करोड

**रासस**
काठमाडौं, १९ असोज

विश्व बैङ्कसँग भएको सम्झौताअनुसार नेपालले अबको एक महिनाभित्र कार्बन बिक्रीबाट रु एक अर्ब ६० करोड प्राप्त गर्दैछ । सन् २०१८ देखि २०२४ सम्म नेपालले तराईका १३ जिल्लाका वनजङ्गलमार्फत कार्बनडाइअक्साइड घटाएबापत सो रकम प्राप्त गर्न लागेको वन तथा वातावरण मन्त्रालयअन्तर्गतको रेड कार्यान्वयन केन्द्रले जनाएको छ ।

नेपालले तराई भूपरिधि कार्यक्रमअन्तर्गत बागमती नदीबाट महाकाली नदीसम्मका तराईका १३ जिल्लामा छ वर्षमा दुई दशमलव चार मिलियन टन कार्बन सञ्चिति गरेबापत सो रकम पाउन लागेको हो । प्रतिटन कार्बनको पाँच अमेरिकी डलरका दरले नेपालले यही अक्टोबरभित्र रु एक अर्ब ६० करोड प्राप्त गर्ने मन्त्रालयले जनाएको छ । वन मन्त्रालयका प्रवक्ता एवं सहसचिव बद्रीराज ढुङ्गानाका अनुसार विश्व बैङ्कसँग सुरुमा सम्झौता गर्दा उक्त रकम वन विकास कोषमार्फत आउनेगरी सम्झौता भएको थियो । अर्थ मन्त्रालयले मुलुकको कानुनी प्रावधानअनुसार त्यस्तो रकम सर्व सञ्चिति कोषमार्फत आउनुपर्ने र त्यसपछि मात्र वन विकास कोषमा हस्तान्तरण हुने भनेपछि विश्व बैङ्कले त्यसबारेमा स्पष्ट पार्न सरकारसँग अनुरोध गरेको उहाँले जानकारी दिनुभयो । कार्बन व्यापारबाट प्राप्त हुने रकम स्थानीय लाभग्राही आदिवासी/जनजाति समुदायमा ८० प्रतिशत खर्च गर्नुपर्ने प्रावधान छ । "यसका लागि सरकारले योजना बनाएर स्वीकृत गरिसकेको छ", प्रवक्ता ढुङ्गानाले भन्नुभयो । कार्बन व्यापारका सम्बन्धमा खासगरी सन् २०१८ मा नेपालको  राष्ट्रिय रेडप्लस रणनीति, राष्ट्रिय वन आधार तह स्वीकृत भएको थियो । त्यसपछि सन् २०१९ देखि २०२४ सम्म तराई भूपरिधिका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रमअन्तर्गत कार्बन व्यापारबाट प्राप्त लाभको बाँडफाँड योजना तयार गरिएको थियो । उक्त कार्यक्रम १३ जिल्लाका एक दशमलव सात मिलियन हेक्टरमा लागू भएको केन्द्रका प्रमुख एवं सहसचिव नवराज पुडासैनीले जानकारी दिनुभयो । नेपालको वन क्षेत्रबाट औसतमा प्रतिहेक्टर एक सय ६७ टन कार्बन सञ्चिति भएको छ । सहसचिव पुडासैनीले भन्नुभयो, "नेपालको तराई भूपरिधि क्षेत्रका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन गरी सन् २०२८ सम्म करिब तीन करोड ४२ लाख टन कार्बनडाइअक्साइड ग्यास उत्सर्जन कम गर्ने लक्ष्य लिइएको छ । पहिलो चरणमा २०२३ मा मापन गर्दा २३ लाख टन कार्बन उत्सर्जन कटौती भएको छ ।"

# चापापानी सिद्धार्थ सहकारीको साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असोज



पोखरा महानगरपालिका वडा नं १२ पुरानोधारा स्थित चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारण सभा शनिवार सम्पन्न भयो ।

साधारण सभामा गण्डकी प्रदेश सहकारी रजिष्ट्रार कार्यालयका अधिकृत चोलाकान्त वाग्लेले सहकारीलाई राम्रो र हाम्रो बनाउने हो भने वित्तीय सूचांक मासिक रुपमा नियाल्न सेयर सदस्यलाई अनुरोध गरे । सूचना अधिकारी वाग्लेले सहकारीको वारेमा बजारमा जे जस्ता हल्ला आए पनि चापापानी सहकारीको वितिय अवस्था हेर्दा राम्रो रहेको भने । पोखरा महानगरपालिका वडा  २८ का अध्यक्ष श्रीकृष्ण लामिछानेलेबजारमासहकारीहरूको नकारात्मक प्रचार भइरहेको स्मरण गर्दै समुदायको उन्नति र प्रगतिको साथी भनेको सहकारी बन्न सक्नु पर्नेमा जोड दिए । चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्थाका प्रमुख संरक्षक तथा निर्वतमान अध्यक्ष नरेश बहादुर कार्कीले चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था कास्कीमा औंलामा गनिने सहकारीहरु मध्य चिनिने सस्था भएकोले सहकारीका सदस्यहरुले आफ्नै सहकारीमा आर्थिक कारोबार गरी संस्थालाई बलियो बनाउनुपर्ने भने । कार्कीले सहकारीलाई आगामी दिनमा खराब ऋणलाई कानुनी उपचार गरी उठाउन लाग्नुपर्ने बताए ।

चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष दिपक कार्कीले सहकारी स्थानीय समुदायमा आधारित रहेकोले शेयरधनीको बचत पूर्ण सुरक्षित भएकोले कारोवारमा ढुक्क हुन अनुरोध गरे । हरेक कार्यक्रम शेयर सदस्यहरुमा केन्द्रित रही सामाजिक उत्तरदायित्वमा पनि अगाडि बढिरहेको अध्यक्ष कार्कीले वताए । चाडपर्व सुरु भए सँगै शेयर सदस्यहरुलाई व्यवहार गर्न सजिलो होस् भनि सहकारीले १३.५प्रतिशत लाभांश वितरण गरिने १५ औं साधारण सभामा अध्यक्ष कार्कीले वताए । कार्यक्रममा सयपत्री बचत तथ ऋण सहकारी लि.का अध्यक्ष टिका बहादुर कार्की, पुरानोधारा सहकारीका अध्यक्ष कृष्ण कोइराला, संस्थाका सल्लाहकार डा.अनिल सुवेदी लगाएतले बोलेका थिए । अध्यक्ष दिपकको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीका उपाध्यक्ष श्याम प्रसाद साँखीले स्वागत र सचिव इन्दिरा कोइरालाले संचालन र सहकारीका शिक्षा उपसमितिका संयोजक मनोहरि पौडेलले सहकारीका सात सिद्धान्त पढेर सुनाएका थिए । कार्यक्रममा असल बचतकर्ता टिका जित गुरुङ र असल कारोवारी प्रेम लक्ष्मी श्रेष्ठलाई सम्मान गरिएको थियो । त्यसैगरी शेयर सदस्यका छोरा छोरीहरुवाट  एसईई, प्लस टु मा, स्नात्तक, स्नात्तकोत्तर तहमा  उत्कृष्ट अंक ल्याउने छोराछोरीहरुलाई पनि सम्मान गरीएकोथियो।सहकारीकाअध्यक्ष दिपक कार्कीको अध्यक्षको प्रतिवेदन, सचिव ईन्दिरा कोइरालाको प्रतिवेदन, ऋण लगानी समितिका संयोजक गुप्त बहादुर कार्कीको ऋण लगानी प्रतिवेदन र लेखा संयोजक चित्र प्रसाद दाहालको लेखा समितिको प्रतिवेदन  र कोषाध्यक्ष इन्द्रदत्त बरालको कोषाध्यक्षको प्रतिवेदन सभामा सर्वसम्मत पारित भएको छ ।

# पौडेल बंश महासंघको शुभकामना

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असोज

पौडेल बंश महासंघ नेपाल, गण्डकी प्रदेशको आयोजनामा बडा दशैं तथा शुभकामना आदानप्रदान एवम् बन्धुमिलन कार्यक्रम सम्पन्न भएको छ ।

न्युरोडस्थित होटेल दिपसागरको सभाकक्षमा सम्पन्न कार्यक्रममा महासंघका पदाधिकारी तथा सदस्य एवम् पौडेल कर्मचारी बन्धुको सहभागिता थियो । कार्यक्रमका प्रमुख अतिथि पौडेल बंश महासंघका केन्द्रीय अध्यक्ष हरिराम पौडेलले पौडेल थर, साझा घरको अभियानका साथ पौडेल बन्धुहरूलाई एकतावद्ध बनाउने तर्फ महासंघ कृयाशिल बनेको बताउनुभयो ।



देशभर ठूलो संख्यामा पौडेलहरू रहेको बताउँदै उहाँले महासंघले पूजा समिति हुँदै पालिका, जिल्ला, प्रदेश हुँदै केन्द्रसम्मका पाँचवटा संरचनामा आवद्ध गरिएको उल्लेख गर्नुभयो । पौडेलहरूको इतिहास र यसको प्रमाणिकता खोज्ने काम पनि भैरहेको बताउँदै उहाँले तत्कालीन समयमा रंगनाथ पौडेलले रणबहादुर शाहलाई राज्य सञ्चालनार्थ दिनुभएको राजविधान सारलाई महासंघले प्रकाशन गर्न लागेको जानकारी दिनुभयो । महासंघका केन्द्रीय सदस्य एवम् वंशावली संकलन समितिका संयोजक प्रा.डा.कृष्णप्रसाद पौडेलले वंशावलीलाई विश्वसनीय बनाउन सम्बद्ध सबै बन्धुहरूको जागरुकता आवश्यक हुने धारणा राख्नुभयो । कार्यक्रममा बन्धुहरूका तर्फबाट विभिन्न महानुभावले आआफ्नो सुझाव प्रस्तुत गर्नुभएको थियो ।

उक्त अवसरमा पौडेल बन्धुहरूको कर्मचारीतर्फ संयोजनका लागि बरिष्ठ मालपोत अधिकृत राजेन्द्रप्रसाद पौडेल, प्राध्यापकहरूतर्फ संयोजनका लागि सह प्रा.उपेन्द्र पौडेल र सञ्चारकर्मीहरूको संयोजनतर्फ रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेललाई संयोजकको जिम्मेवारी प्रदान गरिएको थियो । पौडेल बंश महासंघ गण्डकी प्रदेशका अध्यक्ष रामजी पौडेलको सभापतित्व एवम् सचिव धनञ्जय पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा प्रदेश भित्रका विभिन्न कार्यालयमा कार्यरत पौडेल कर्मचारी बन्धुहरूको सहभागिता थियो ।

# त्रिशूलीको बाढीले दुई जिल्ला जोड्ने झोलुङ्गे पुल जोखिममा

**पोखरापत्र संवाददाता**
तनहुँ, १९ असोज

तनहुँ झण्डै तीन हजार मेट्रिकटन मास उत्पादन हुने गरेको छ । धान खेती नहुने, पानी नलाग्ने र सुक्खा बारीमा मासको व्यावसायिक रुपमा खेती गर्ने गरेको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ ।

मास खेती गर्न सजिलो, धेरै परिश्रम गर्नु नपर्ने र थोरै लगानीमा राम्रो मूल्य पाइने भएपछि मास खेतीतर्फ किसानको सङ्ख्या बढ्दै गएको कार्यालयका सूचना अधिकारी एवं बाली संरक्षण अधिकृत किरण परियारले जानकारी दिनुभयो । यहाँ उत्पादित मास जिल्लाभित्रै खपत भई बाँकी पोखरा, नारायणगढ, काठमाडौँलगायतका सहरमा निर्यात हुने गरेको छ, उहाँले भन्नुभयो, "मास उत्पादक किसानले गतवर्ष प्रति पाथी रु आठ सयमा बिक्री वितरण हुने गरेको छ ।" जिल्लामा तीन हजार चार सय ४३ हेक्टर क्षेत्रफलमा मास खेती हुँदै आएको छ । गतवर्ष दुई हजार नौ सय साठी मेट्रिकटन मास उत्पादन हुने गरेको प्रमुख वरिष्ठ कृषि विकास अधिकृत गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो । यसवर्ष वर्षालगायतका मौसम राम्रो रहेकाले मास उत्पादनमा वृद्धि हुने विश्वास लिइएको उहाँले बताउनुभयो ।

जिल्लाका ऋषिङ, घिरिङ, शुक्लागण्डकी, म्याग्दे, बन्दीपुर, व्यास, भानु आँबुखैरेनी, देवघाट लगायतका पालिका मास खेतीका लागि पकेट क्षेत्रका रुपमा लिइने गरिएको छ । त्यसैगरी कार्यालयले रैथाने बाली संरक्षणअन्तर्गत कोदो बाली उत्पादनका लागि प्रोत्साहन कार्यक्रम ल्याएको छ । रैथाने बाली उत्पादनमा ५० प्रतिशत अनुदानमा बीउ र कोदो चुट्ने थेसर मेसिन दिने गरिएको छ । जिल्लामा छ हजार एक सय पाँच हेक्टर क्षेत्रफलमा कोदो खेती हुने गरेको छ । कार्यालयका अनुसार गतवर्ष मात्रै सात हजार मेट्रिकटन उत्पादन भएको थियो । पछिल्लो समय कोदोको माग बढ्दै जान थालेपछि कोदो खेतीतर्फ किसानको आकर्षण पनि बढेको कार्यालय प्रमुख लामिछानेले बताउनुभयो । कोदोमा प्रशस्त मात्रामा क्यालोरी पाइन्छ ।

# कोदो उत्पादक किसानलाई प्रोत्साहन

**रासस**
पर्वत, १९ असोज

रैथाने वालीको रुपमा रहेको कोदो उत्पादनतर्फ कृषकहरुको आकर्षण बढाउनका लागि यहाँका कृषकलाई अनुदान वितरण गरिने भएको छ।

दक्षिण पर्वतको पैयुँ गाउँपालिकाले कोदो उत्पादन गर्ने कृषकलाई प्रोत्साहन अनुदान वितरण गर्ने भएको हो। कोदोको माग दैनिकजसो बढ्दै गए पनि उत्पादन तर्फ कृषकको आकर्षण बढ्न नसकेपछि अनुदान दिएर कोदोको व्यावसायिक उत्पादनमा आकर्षित गर्न थालिएको गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरीले जानकारी दिनुभयो। पालिकाभित्रका कृषक, कृषि फार्म, कृषक समूह वा सहकारीलाई उत्पादनको आधारमा प्रोत्साहन रकम वितरण गरिने भएको छ। किसानलाई प्रोत्साहन गर्नका लागि चालु आर्थिक वर्षमा रु पाँच लाख विनियोजन गरिएको र यसको प्रभावकारिता हेरेर आगामी वर्ष थप गर्दै लैजाने योजना रहेको अध्यष ठकुरीले बताउनुभयो।

अनुदान पाउनका लागि कम्तिमा पाँच रोपनी क्षेत्रफलभन्दा बढीमा कोदोखेती गर्नुपर्ने भएको छ। कृषकले कोदो बाली लगाउने जग्गाको लालपुर्जा र भाडामा लिएको भए करारनामा पालिकामा निवेदनसहित पेश गर्नुपर्ने पालिकाद्धारा प्रकाशित सूचनामा उल्लेख गरिएको छ। चालु आर्थिक वर्ष विसं २०८१/८२ बाट लागु भएको यो कार्यक्रमलाई वर्षेनी वृद्धि गर्दै लैजाने पालिकाको योजना छ।

पहिले-पहिले कोदोको ढिँडो, रोटी र खोले निकै कम मात्रै पाक्थ्यो। पछिल्लो समय घरबाससँगै सहर बजारका ठुला-ठूला होटलका भान्छामा पनि ढिँडोको माग बढ्दै गएको छ। कोदोको माग बढ्दै जानथालेपछि व्यावसायिक रुपमा कोदोको खेती गर्न तर्फ कृषकलाई आकर्षण गर्न अनुदान मुलक कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत जीवन गैरेले जानकारी दिनुभयो। उहाँका अनुसार अनुदान पाउने भएपछि कृषक र कोदोखेतीको क्षेत्रफलसमेत वृद्धि हुने अपेक्षा गरिएको छ। धान, मकै, गुहुँ लगायतका बालीजस्तै कोदोमा यान्त्रिकिकरणको विकास हुन नसक्दा कोदोखेतीतर्फ आकर्षण घट्दै गएको गैरेले बताउनुभयो।

पालिकाले प्रोत्साहन स्वरुप दिने रकमले कृषकलाई बारी खनजोत गर्न, कोदो रोप्न, काट्न र थन्क्याउनका लागि केही राहत मिल्ने भएको छ। यसअघि कृषि ज्ञान केन्द्रले पनि रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत कोदो उत्पादन गर्ने कृषकलाई अनुदान दिन थालेको थियो। केन्द्रले चालु आर्थिक वर्षमा थप साढे २८ हेक्टर क्षेत्रफलमा कोदोखेती विस्तारका लागि सहयोग गरेको छ। कोदोखेती गर्ने कृषकलाई यान्त्रिकरणमा सहयोग गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख परशुराम अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार गत आर्थिक वर्षमा रु पाँच लाख कोदो बालीको प्रवर्द्धनका लागि कृषकलाई वितरण गरिएको थियो। पर्वतमा गत आर्थिक वर्षशाा आठ हजार तीन सय १० मेट्रिकटन कोदो उत्पादन भएको थियो। त्यसमध्ये पाँच हजार एक सय ७५ मेट्रिकटन कोदो निर्यात भएको कृषि ज्ञान केन्द्रले जनाएको छ। त्यसबाट रु २३ करोड २८ लाख ७५ हजार भित्र्याएको थियो। उत्पादित कोदोमध्ये तीन हजार एक सय ३५ मेट्रिकटन कोदो कृषकले खाद्यान्न, बीउ र गाईभैंसीको दानाका रुपमा प्रयोग गरेका थिए।

रैथाने जातको कोदोको माग बढेपछि केही किसानले व्यावसायिक कोदो उत्पादनमा लागेका छन्। जिल्लाका सबै क्षेत्रमा कोदो उत्पादनका लागि उपयुक्त हावापानी रहेको कार्यालयले जनाएको छ। मुख्यगरी मधुमेह र ग्याष्ट्रिक रोगबाट पिडितहरुले कोदोको परिकार बढी मात्रामा खाने गरेका छन्। अहिले ग्रामीण क्षेत्रमा उत्पादित कोदो स्थानीयले मदिरा बनाउन पनि प्रयोग गर्दै आएका छन्। बजारमा विभिन्न परिकार बनाएर बिक्री गर्ने प्रचलन बढ्दै गएको कृषि ज्ञान केन्द्रका बागवानी विकास अधिकृत शङ्कर पौडेलले बताउनुभयो। पछिल्लो समय कोदोको बिस्कुटसमेत बजारमा उपलब्ध रहेको छ।

# सेतीमदीको १४ औं वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असोज



पोखरा महानगरपालिका २ मिरुवा स्थित सेतीमदी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफनो १४ औ वार्षिक साधारण सभा सम्पन्न गरेको छ।

पोखरा महानगरपालिका २३ र २८ वाहेक ३१ बटा वडाहरु, माछापुच्छे गाउँपालीका वडा नंम्बर ६ र ७, अन्नपूर्ण गाउँपालीका वडा नंम्बर १,२,३ कार्यक्षेत्र रहेको सहकारीको कुल शेयर पूँजी चार करोड १२ लाख ५५ हजार एक सय रहेको कोषाध्यक्ष दुर्गा प्रसाद अधिकारीले जानकारी दिए। कास्की बचत तथा ऋण सहकारी संघ लि. का कार्यवाहक अध्यक्ष ईश्वर प्रसाद सुवेदीको प्रमुख आतिथ्यतामा भएको सभामा संस्थापक शेयर सदस्य, जेष्ठ शेयर सदस्य, असल कारोवारकर्ता, विद्यावारिधि गरेका शेयर सदस्य, १०+२ मा उत्कृष्ट अंक ल्याउने छात्र/छात्रा सगै विभिन्न क्षेत्रमा उल्लेख्य काम गरेका सहकारीका शेयर सदस्यहरु गरि ३७ जनालाई सम्मान गरिएको सहकारी संचालक समिति सदस्य कविता गुरुङले जानकारी दिईन। सभाले सचिव शिवराज अधिकारी र कोषाध्यक्ष दुर्गा प्रसाद अधिकारीले पेश गरेको वार्षिक प्रतिवेदन पारित गरेको थियो।

सहकारीका अध्यक्ष जयलाल अधिकारीको अध्यक्षतामा सम्पन्न सभाको संचालन सचिव शिवराज अधिकारीले गरेका थिए। सभामा बचत संघका पूर्व अध्यक्ष तथा विशाल सहकारीका प्रमुख कार्यकारी अधिकृत सुदिप ढकाल, राष्ट्रिय सहकारी बैंक गण्डकी प्रदेश प्रमुख नरेश पाण्डे, जिल्ला सहकारी संघ कास्कीका महासचिव दिपकराज बास्तोला लगायतले सहकारीले गरेका गतिविधिहरुको प्रशंसा गर्दै सहकारीका समिति, उपसमिति मात्र नभई सम्पूर्ण शेयर सदस्यहरु नै चनाखो भई संस्थामा भए गरेका सम्पुर्ण गतिविधिहरुको निगरानी गर्नुपर्ने बताएका थिए।

सहकारीका काम, कत्वय र कारवाही सगै संचालक र सदस्यहरुले पालन गर्नुपर्ने नियमहरु, बचत सगै ऋण लिदा उपनाउनुपर्ने विषयमा नियम भित्र रहेर काम गरे कुनै समस्या नआउने भनाई समेत उनीहरुको थियो।

# ब्याङ्ग्रा व्यापारीको यात्रा: रारादेखि फेवा तालसम्म

**डम्मर बुढामगर**
बागलुङ, १९ असोज/रासस

उपल्लो मुस्ताङदेखि च्याङ्ग्रा लिएर पोखरा झर्दै गर्नुभएका मुगुका छिरिङ छोर्वे लामा शुक्रबार दिउँसो लुम्लेमा भेटिनुभयो। साढे दुई सय च्याङ्ग्रा लिएर आफू आठ दिनअघि उपल्लो मुस्ताङबाट हिँडेको सुनाउनुभयो।

मुस्ताङ, म्याग्दी, पर्वत हुँदै लुम्ले आइपुग्नुभएका उहाँका साथमा दुई साथी पनि थिए। लामो यात्राले थकित शरीरलाई ठाउँठाउँमा विश्राम दिँदै उहाँ दसैँको मुखमा च्याङ्ग्रा बेच्न लुम्ले आइपुग्नुभएको हो। च्याङ्ग्रा बिक्री गर्दै आइतबार बिहानसम्म पोखरा पुग्ने उहाँको योजना छ। लामाले दसैँमा च्याङ्ग्रा बेच्न यो मार्गमा यसरी हिँडेको पहिलो पटक भने होइन। विगत एक दशकदेखि नियमित जसो च्याङ्ग्राको व्यापार गर्न उहाँ मुगुबाट यहाँ आउनुहुन्छ। "यसपाली दुई महिनाअघि मुगुको राराबाट हिँडेको थिए, मुगुबाट नेपालगञ्ज जहाज र त्यहाँदेखि पोखरा हुँदै गाडीको यात्रामा मुस्ताङ पुगेको थिएँ", उहाँले भन्नुभयो। लामो समयदेखि यहाँ आइ च्याङ्ग्रा बिक्री गर्दै आउनुभएका



छिरिङलाई मुस्ताङदेखि पोखरासम्मका हरेक ठाउँबारे राम्रो जानकारी छ। मुस्ताङ र म्याग्दीका अग्ला भिरपहरा छिचोल्दै लुम्मेसम्म आइपुग्दा उहाँले १८ वटा च्याङ्गा बिक्री भइसकेको बताउनुभयो। लामाभन्दा अगाडि केही व्यापारीले च्याङ्ग्रा पोखरा पुऱ्याइसकेका छन्। अघिल्लो वर्षको तुलनामा मूल्य कम हुँदा च्याङ्ग्राको माग बढेको उहाँको अनुभव छ। यही असोज २२ गतेसम्म सबै च्याङ्ग्रा बिक्री गरेर गाउँ फर्कने उहाँको योजना छ।

मुगुको रारा तालदेखि कास्कीको फेवा तालसम्म च्याङ्ग्रा व्यापारमा वर्षौं बिताउनुभएका लामाले यही पैसाले परिवारको पालनपोषण र छोराछोरी पढाउन सहज भएको उहाँले बताउनुभयो। उहाँले मुस्ताङको उच्च हिमाली क्षेत्रदेखि डोल्पासम्म पुगेर च्याङ्ग्रा ल्याउनुहुन्छ। "दसैँको बेला पोखरामा बस्ने दाजुभाइहरुले च्याङ्ग्राको मासु धेरै रुचाउनुहुन्छ, यो बेला च्याङ्ग्रा लिएर उहाँहरुलाई मासु खुवाउन पाउँदा हामीहरुलाई पनि खुसी लाग्छ", लामाले भन्नुभयो, "राराबाट पोखरा आउन सजिलो छैन, म पोखरा, मुस्ताङ र रारा ओहोरदोहोर गर्न लागेको धेरै वर्ष भयो, दुःख छ भनेर काम नगरे के खाने ?, केही न केही काम त गर्नु पऱ्यो।" अघिल्लो वर्ष मूल्य अचाक्ली बढ्दा बजारमा माग कम आएको हुँदा यस वर्ष करिब रु १० देखि १२ हजारले मूल्य घटाएको लामा बताउनुहुन्छ। लामाको व्यावसायिक साझेदार हुनुहुन्छ मुस्ताङका कर्मा लामा। यउहाँले भने यस वर्ष हिमालबाट ढिला झर्दा सोचे अनुसारको बिक्री नभएको बताउनुभयो।

यस वर्ष च्याङ्ग्राको अधिकतम मूल्य रु ४० देखि ४५ हजार रहेको कर्माले जानकारी दिनुभयो। आफूहरुले बथानमा रहेका रोज्जा (रोजेको) च्याङ्ग्रालाई रु ४२ हजारमा दिने गरेको उहाँ बताउनुहुन्छ।

कर्मा भन्नुहुन्छ , "देख्दा सुन्दा यसको मूल्य बढी भयो भन्ने लाग्नसक्छ तर तुलनात्मक रुपमा पोखरासम्म ल्याउँदा त्यस्तो महँगो होइन, पोहोरसालको दसैँमा रु ४८/५० हजार भन्थे अहिले रु ३८/४० हजारमा पाउनुहुन्छ, गाउँमा भन्दा सहर बजारमा च्याङ्ग्राको माग बढी हुने हुँदा हामीहरुले हिमालमै पुगेर ल्याउने गरेका छौँ।"

दसैँका बेला म्याग्दी, बागलुङ, पोखरा र काठमाडौँका व्यापारी मुस्ताङको माथिल्लो क्षेत्रमा रहेका गोठमै पुगेर च्याङ्ग्रा खरिद गरेर ल्याउने गर्छन्। यस वर्ष पनि धेरैको सङ्ख्यामा व्यापारी मुस्ताङ पुगी च्याङ्ग्रा लिएर बजार पुग्न थालेका छन्।

# बेलबुट्टे आदर्श बाल क्लबको शुभकामना

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असोज



पोखरा महानगरपालिका वडा नं ३२ तल्लोगगनगौंडामा कृयाशिल बेलबुट्टे आदर्श बाल क्लबले विजयादशी, दिपावली, छठ लगायतका पर्वका अवसरमा आज शुभकामना कार्यक्रम सम्पन्न गरेको छ।

विभिन्न सामाजिक काममा सकृय बनिरहेको क्लबले प्रत्येक वर्ष विजयादशमी, दिपावली, छठ लगायत पर्वका अवसरमा शुभकामना आदानप्रदान गर्दै आएकोमा यस वर्ष पनि उक्त कार्यलाई निरन्तरता दिएको क्लबका अध्यक्ष सुजाता पौडेलले जानकारी दिनुभयो। कार्यक्रमका प्रमुख अतिथि ज्येष्ठ नागरिक रामप्रसाद तिवारीले सबै चाडपर्वका अवसरमा शुभकामना व्यक्त गर्नुभयो। सामाजिक व्यक्तित्व गुरुप्रसाद पौडेलले क्लबले आँफूलाई सिर्जनात्मक गतिविधिमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो। क्लबका प्रत्येक सदस्यले आँफूलाई अनुशासित बनाउँदै नियमित अध्ययन कार्यमा लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो। क्लबका अध्यक्ष सुजाता पौडेलको अध्यक्षता एवम् सचिव ओशिष घिमिरेले सञ्चालन गर्नुभएको कार्यक्रममा क्लबका उपाध्यक्ष दीक्षा वाग्ले, सह सचिव इशान पौडेले, कोषाध्यक्ष कृति घिमिरे, क्लबका सदस्यहरू आयुष्मान खनाल, सक्षम पौडेल, कीर्तन घिमिरे, समिर पौडेल, रियान सापकोटा, दीपिका वाग्ले लगायतले शुभकामना व्यक्त गर्नुभएको थियो। त्यस्तै शान्ता पौडेल, नवराज घिमिरे, हरिष्चन्द्र पौडेल, वासुदेव पौडेल, शारदा भट्टराई पौडेल, चित्राकुमारी घिमिरे पौडेल, रोशन सापकोटा, जीवनसरिता बास्तोला घिमिरे, किशोर घिमिरे, खडानन्द बराल, गंगा घिमिरे, विन्दु बराल वाग्ले, इन्दिरा पौडेल, सत्यदेवी बराल लगायतले क्लबका गतिविधि सिर्जनात्मक बन्नुपर्ने बताउँदै चाडपर्वका अवसरमा शुभकामना व्यक्त गर्नुभएको थियो। विजयादशमी, दिपावली, छठ लगायतका चाडपर्वको अवसर पारी तल्लो गगनगौडास्थित नविन टोल विकास संस्थाले टोल क्षेत्रमा आज सरसफाई गरेको छ।

संस्थाले सेरावेशीँचोकदेखि बाह्रसय चौताहुँदै पुरानोगाउँको चौतारासम्मो सडक क्षेत्रमा सरसफाई गरेको संस्थाका सचिव मोहनराज बरालले जानकारी दिनुभयो।

# तनहुँमा तीन हजार मेट्रिकटन मास उत्पादन

**पोखरापत्र संवाददाता**
तनहुँ, १९ असोज

तनहुँ झण्डै तीन हजार मेट्रिकटन मास उत्पादन हुने गरेको छ। धान खेती नहुने, पानी नलाग्ने र सुक्खा बारीमा मासको व्यावसायिक रुपमा खेती गर्ने गरेको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ।

मास खेती गर्न सजिलो, धेरै परिश्रम गर्नु नपर्ने र थोरै लगानीमा राम्रो मूल्य पाइने भएपछि मास खेतीतर्फ किसानको सङ्ख्या बढ्दै गएको कार्यालयका सूचना अधिकारी एवं बाली संरक्षण अधिकृत किरण परियारले जानकारी दिनुभयो। यहाँ उत्पादित मास जिल्लाभित्रै खपत भई बाँकी पोखरा, नारायणगढ, काठमाडौँलगायतका सहरमा निर्यात हुने गरेको छ, उहाँले भन्नुभयो, "मास उत्पादक किसानले गतवर्ष प्रति पाथी रु आठ सयमा बिक्री वितरण हुने गरेको छ।" जिल्लामा तीन हजार चार सय ४३ हेक्टर क्षेत्रफलमा मास खेती हुँदै आएको छ। गतवर्ष दुई हजार नौ सय साठी मेट्रिकटन मास उत्पादन हुने गरेको प्रमुख वरिष्ठ कृषि विकास अधिकृत गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो। यसवर्ष वर्षालगायतका मौसम राम्रो रहेकाले मास उत्पादनमा वृद्धि हुने विश्वास लिइएको उहाँले बताउनुभयो।

जिल्लाका ऋषिङ, घिरिङ, शुक्लागण्डकी, म्याग्दे, बन्दीपुर, व्यास, भानु आँबुखैरेनी, देवघाट लगायतका पालिका मास खेतीका लागि पकेट क्षेत्रका रुपमा लिइने गरिएको छ। त्यसैगरी कार्यालयले रैथाने बाली संरक्षणअन्तर्गत कोदो बाली उत्पादनका लागि प्रोत्साहन कार्यक्रम ल्याएको छ। रैथाने बाली उत्पादनमा ५० प्रतिशत अनुदानमा बीउ र कोदो चुट्ने थेसर मेसिन दिने गरिएको छ। जिल्लामा छ हजार एक सय पाँच हेक्टर क्षेत्रफलमा कोदो खेती हुने गरेको छ। कार्यालयका अनुसार गतवर्ष मात्रै सात हजार मेट्रिकटन उत्पादन भएको थियो। पछिल्लो समय कोदोको माग बढ्दै जान थालेपछि कोदो खेतीतर्फ किसानको आकर्षण पनि बढेको कार्यालय प्रमुख लामिछानेले बताउनुभयो। कोदोमा प्रशस्त मात्रामा क्यालोरी पाइन्छ।

# राहत रकम उपलब्ध

**रासस**
गोरखा, १९ असोज

खोलाले बगाएर ज्यान गुमाउनु भएकी गोरखाको सहिद लखन गाउँपालिका-६ घैरुङस्थित अधेरीकी ७० वर्षीया बालकुमारी श्रेष्ठको परिवारलाई शनिबार राहत रकम प्रदान गरिएको छ।

जिल्ला प्रशासन कार्यालयले जिल्ला विपद् व्यवस्थापन कोषबाट पीडित परिवारलाई रु दुई लाख ५० हजार राहत रकम घरमा पुगेर उपलब्ध गराएको गाउँपालिकाका अध्यक्ष रमेश थापामगरले जानकारी दिनुभयो। प्रमुख जिल्ला अधिकारी भोला दाहालले मृतकको परिवारलाई राहत रकम उपलब्ध गराउनुभएको हो। सङ्घीय सरकारबाट प्राप्त रु दुई लाख र प्रदेश सरकारबाट रु ५० हजार राहत रकम मृतककी छोरीलाई हस्तान्तरण गरिएको प्रजिअ दाहालले जानकारी दिनुभयो।

# गायत्री सिकाई केन्द्रमा पुन: शोभामोहन

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असोज




गायत्री सामुदायिक सिकाई केन्द्र, घार्मीको सम्पन्न अधिवेशनले पुनः शोभामोहन पौडेलको अध्यक्षता नयाँ व्यवस्थापन मिति चयन गरेको छ।

केन्द्रको शनिबार सम्पन प्रथम अधिवेशनले उपाध्यक्षमा बैकुण्ठ पौडेल, कोषाध्यक्षमा कृष्णप्रसाद गौतम र सदस्यहरुमा नेत्र प्रसाद आले, माधव गौतम, शिव केसी, अनिता भट्टराई पौडेल, निशा सुनार र सदस्य सचिवमा पवित्रा पौडेल साथै आमन्त्रित सदस्यमा महेन्द्र माविका प्रअ बासुदेव पौडेल,विन्ध्यश्वरी माविका प्रअ श्रीराम आचार्य चयन भएका हुन्। केन्द्रको सल्लाहकारमा लेखनाथ लामिछाने र विष्णु अधिकारी रहनुभएको सदस्य सचिव पौडेलले जानकारी दिनुभयो। यसअघि अधिवेशनको उदघाटन गर्दै वडा सदस्य विकाश कुमार आचार्यले शैक्षिक र सामाजिक क्षेत्रका सिकाई गतिविधिलाई केन्द्रले समेट्दै अगाडी बढेकोमा खुशी व्यक्त गर्नुभयो। केन्द्रको विकास र विस्तारका लागि स्थानीय सरकारले सघाउने उहाँले बताउनुभयो।सो अवसरमा पुर्व विद्यालय निरीक्षक, शिक्षासेवी लेखनाथ लामिछानेलाई सम्मान गरिएको छ। लामिछानेलाई वडा सदस्य आचार्य, केन्द्रका अध्यक्ष शोभामोहन पौडेल र शिक्षा अधिकृत कृष्ण भण्डारीले सम्मान गर्नुभयो। केन्द्रका अध्यक्ष शोभामोहनपौडेलकोअध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ शिक्षा अधिकृत कृष्ण भण्डारी,वडा सदस्य कल्पना सुनार, विन्देश्वरी माविका प्रअ श्रीराम आचार्य,भुमे मैदान बहुद्देश्यीय समुहका उपाध्यक्ष डिल्लीराम पौडेल,भारती भवन माविका अध्यक्ष विष्णुप्रसाद अधिकारी लगायतले केन्द्रको गतिविधिको चर्चा गरेका थिए।

कार्यक्रममा वैकुण्ठ पौडेल र पवित्रा पौडेलले पेश गर्नुभएको प्रतिवेदन पारित गरिएको छ। सदस्य अनिता भट्टराई पौडेलले स्वागत गर्नु भएको कार्यक्रमको सञ्चालन सदस्य वैकुण्ठ पौडेलले गर्नुभएको थियो।